# नेपाल फाईनान्स लिमिटेडको
# ३० औं बार्षिक साधारण सभाको
# काम कारवाहीको विवरण
# (माईन्युट)

**१. सभाको वैधानिकता :**

नेपाल फाईनान्स लिमिटेडको मिति २०७९/०९/०८ गते शुक्रबार (२३ डिसेम्बर, २०२२) मा बसेको संचालक समितिको ३६७ औं बैठकको निर्णयानुसार कम्पनी ऐन, २०६३ र नेपाल फाईनान्स लिमिटेडको प्रबन्धपत्र तथा नियमावली बमोजिम ३० औं बार्षिक साधारणसभा २०७९ साल पौष ३० गते शनिवार (१४ जनवरी, २०२३) हुने निर्णय भई मिति २०७९/०९/०९ गतेको अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिकमा सार्वजनिक सूचना प्रकाशित गरी पुन: मिति २०७९/०९/२१ गतेका दिन कारोबार राष्ट्रिय दैनिकमा दोस्रो पटक सूचना समेत प्रकाशित गरी यस वित्तीय संस्थाको ३० औं वार्षिक साधारण सभा वित्तीय संस्थाको सञ्चालक समितिका अध्यक्ष प्रा.श्री हिरेन्द्रमान प्रधानज्यूको सभापतित्वमा निम्न उल्लेखित मिति, स्थान र समयमा बसी देहायका विषयहरु उपर छलफल भै देहाय बमोजिम निर्णय गरियो ।

**२. सभाको मिति, स्थान र समय :**

मिति : २०७९ साल पौष ३० गते (तदनुसार १४ जनवरी २०२३) शनिबार ।

स्थान : होटल एल्लो प्यागोडा, कान्तिपथ, काठमाडौ

समय : विहान ११:०० बजे ।

**३. सभाको सूचना :**

कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम संस्थाको ३० औं बार्िषक साधारणसभाको सूचना तथा संचालक समितिको तर्फबाट प्रस्तुत हुने प्रतिवेदन एवं वित्तीय विवरण समेत शेयरधनीहरुले संस्थामा उपलब्ध गराएको ठेगाना (घर तथा इमेल) मा पठाइएको तथा संस्थाको केन्द्रिय कार्यालयबाट प्राप्त गर्न सकिने व्यवस्था मिलाईएको थियो । शेयरधनीहरुको सुविधालाई ध्यानमा राखी संस्थाको वेभसाईट www.nepalfinancelimited.com.np बाट पनि जानकारी लिन सकिने व्यवस्था मिलाईएको थियो ।

**४. छलफलको विषयहरु :**

**(क) साधारण प्रस्तावहरु:**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने समग्र वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरिक्षण प्रतिवेदन सहितको आ.ब. २०७८/०७९ को वासलात २०७८/०४/०१ देखि २०७९/०३/३२ सम्मको नाफा-नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण (संलग्न अनुसूचीहरु सहित) को छलफल गरी पारित गर्ने ।

३. कम्पनी ऐन, २०६३ को दफा १११ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ अनुसार आ.व. २०७९/०८० को लेखापरिक्षण गर्न लेखापरिक्षण समितिको सिफारिस अनुसार लेखापरिक्षकको

Nepal Finance Limited NEFINSCO Corporate Office Kathmandu 2049

नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने । (वर्तमान लेखापरिक्षक एस.ए.आर. एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्ट्स (साझेदार एफसिए श्री अमन उप्रेति) पुनः नियुक्त हुन योग्य हुनुहुन्छ ।)

**(ख) विशेष प्रस्तावहरु:**

१. संस्थाको नियमावलीको नियम २९ (१ ख) को संशोधन स्वीकृत गर्ने तथा प्रस्तावित संशोधनमा नियमनकारी निकायबाट फेरबदलको सुझाव प्राप्त भएमा आवश्यक परिमार्जन, संशोधन तथा समायोजन गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

२. संस्थाले अन्य कुनै उपयुक्त बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा संस्थाले अन्य कुनै उपयुक्त संस्थालाई प्राप्ति (Acquisition) गर्ने सम्बन्धमा संस्थाको चल-अचल सम्पत्ति र दायित्व तथा कारोबारको मुल्याङ्कन (Due Diligence Audit-DDA) गर्न मान्यता प्राप्त मुल्याङ्कनकर्ता नियुक्त गरी निजको पारिश्रमिक तोक्ने तथा संस्था गाभ्ने/गाभिने तथा एक्विजिशन गर्ने समझदारीपत्र (Memorandum of Understanding) तर्जुमा गर्ने, हस्ताक्षर गर्ने, अन्तिम सम्झौता तयार पार्ने, हस्ताक्षर गर्ने लगाएतका गाभ्ने/गाभिने तथा एक्विजिशन गर्ने सम्बन्धी आवश्यक सम्पूर्ण प्रक्रिया पुरा गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने ।

**(ग) विविध ।**

**५. उपस्थिति :**

**५.१ कम्पनी ऐन, २०६३ को दफा ६८ अनुरुप उपस्थित सञ्चालकहरु**

| | | |
|---|---|---|
| १. | प्रा.श्री हिरेन्द्रमान प्रधान | अध्यक्ष |
| २. | श्री दिप्रश शाक्य | सञ्चालक |
| ३. | श्री राजन प्रजापती | सञ्चालक |
| ४. | श्री बिकेश शाक्य | सञ्चालक |
| ५. | श्री लक्ष्मी महर्जन | सञ्चालक |
| ६. | श्री रोजिना श्रेष्ठ | सञ्चालक |
| ७. | श्री आनन्दकृष्ण ताम्राकार | स्वतन्त्र सञ्चालक |

**५.२ आमन्त्रित व्यक्तित्वहरु**

| | | |
|---|---|---|
| १. | श्री वासुकीनाथ झा | कम्पनी रजिष्ट्रारको कार्यालय |
| २. | श्री शुशिला श्रेष्ठ | प्रभु क्यापिटल लि. |

**५.३ वित्तीय संस्थाका पदाधिकारीहरुको उपस्थिति**

| | | |
|---|---|---|
| १. | प्रमुख कार्यकारी अधिकृत | श्री उध्दबराज थपलिया |
| २. | कम्पनी सचिव | श्री बिष्णुप्रसाद गौतम |
| ३. | प्रबन्धक | श्री सागर प्रजापती |
| ४. | नायब प्रबन्धक | श्री चन्द्रशेखर खड्का |
| ५. | नायब प्रबन्धक | श्री मधु नेपाल |
| ६. | सहायक प्रबन्धक | श्री बासु के. सी. |

Nepal Finance Limited NEFINSCO Corporate Office Kathmandu 2049

५.४ शेयरधनीहरुको उपस्थिति

| क्र. सं. | विवरण | संख्या |
|---|---|---|
| १ | स्वयम् उपस्थित हुने शेयरधनीको संख्या | २८६ जना |
| २ | प्रतिनिधि पत्र मार्फत उपस्थित हुने शेयरधनीको संख्या | ९६ जना |

जम्मा उपस्थित संख्या: ३८२ जना
जम्मा उपस्थित कित्ता: ३७ लाख ३१ हजार ९ सय ४६ कित्ता

६. गणपुरक संख्या कम्पनी ऐन, २०६३ को दफा ७३ अनुरुप)

| विवरण | कुल संख्या | जम्मा उपस्थिति | कुल शेयरको प्रतिनिधित्व |
|---|---|---|---|
| शेयरधनी संख्या "क" र "ख" समूह | ९,८०२ जना | ३८२ जना | ५१.४४% |
| शेयरधनीहरुले ग्रहण गरेको शेयर कित्ता | ७२,५४,७२१.३४ | जम्मा उपस्थित शेयर कित्ता: ३७,३१,९४६ | |

## ७. सभाको वैधानिकता र सभाको सभापतितत्व

७.१ कम्पनी ऐन, २०६३ तथा संस्थाको नियमावली बमोजिम बार्षिक साधारणसभा बोलाइएको र कम्पनी ऐनको दफा ७३ को उपदफा (२) तथा वित्तीय संस्थाको नियमावलीको नियम ५ अनुसार साधारणसभाको गणपुरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको कम्तिमा ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तिमा ३ जना शेयरधनीहरु स्वयम् वा आफ्नो प्रतिनिधिद्धारा उपस्थिति हुनुपर्ने प्रावधान बमोजिम वित्तीय संस्थाको यस वार्षिक साधारणसभामा राखिएको शेयरधनीहरुको हाजिरी पुस्तिकामा उल्लेख भएका शेयरधनीहरुमध्ये स्वयम् उपस्थित शेयरधनीको संख्या २८६ जना र प्रतिनिधि (प्रोक्सी) मार्फत ९७ जना गरी कुल ३८२ जना शेयरधनीको ३७,३१,९४६ कित्ता बराबरको उपस्थिती रहको र उक्त उपस्थिति कुल शेयर कित्ता ७२,५४,७२१.३४ को ५१.४४ प्रतिशत रहेकोले संस्थाको कम्पनी सचिवबाट साधारणसभाको गणपुरक संख्या पुगेको र प्रचलित कम्पनी कानून अनुसार भएको सभा वैधानिक भएको जानकारी गराई सभा बैधानिक भएको व्यहोरा समथर्नका लागि अनुरोध गरी सभामा उपस्थित शेयरधनी महानुभावहरुले सभा बैधानिक भएको घोषणा गर्दै सभा अगाडी बढाउन अनुमती प्राप्त भयो।

७.२ वित्तीय संस्थाको नियमावलीमा व्यवस्था भए बमोजिम यस सभाको सभापतितत्व सञ्चालक समितिका अध्यक्षज्यू बाट हुने कम्पनी सचिवले जानकारी गराउदै बिहान ११:३० बजे अध्यक्ष प्रा. श्री हिरेन्द्रमान प्रधान ज्यूको सभापतितत्वमा संस्थाको ३० औं बार्षिक साधारणसभा शुरु गर्न कम्पनी सचिवलाई सभापतिज्यूबाट निर्देशन भयो।

७.३ सभापति ज्यूको अनुमतिले सञ्चालक श्री दिप्रश शाक्यले स्वागत मन्तव्य दिनुभयो।

Nepal Finance Limited NEFINSCO Corporate Office Kathmandu 2049

## ८. प्रतिवेदनको प्रस्तुति

८.१ सभाको प्रारम्भमा पूर्व निर्धारित छलफलको विषयसूची अनुसार आ.व. २०७८/०७९ को सञ्चालक समितिको तर्फबाट तयार पारिएको अध्यक्षज्यूबाट प्रस्तुत वार्षिक प्रगति प्रतिवेदन साधारण सभा समक्ष राख्नुभयो ।

८.२ सभापतिज्यूको अनुमतिले संस्थाका प्रमुख कार्यकारी अधिकृतज्यूले सभा समक्ष नेपाल फाईनान्स लिमिटेडको लेखापरिक्षण प्रतिवेदन सहितको आ.ब.२०७८/०७९ को वासलात, मिति २०७८/०४/०१ देखि २०७९/०३/३२ सम्मको नाफा नोक्सान हिसाव तथा नगद प्रवाहको विवरण, दायित्व तथा सम्पत्ति भएको हिसाब समेत छलफलको निमित्त सभा समक्ष प्रस्तुत गर्नुभयो ।

८.३ त्यसैगरी सभापतिज्यूको अनुमतिले कम्पनी सचिवले सभा समक्ष छलफल तथा निर्णयका लागि तयार पारि सूचना गरिएका साधारण तथा बिशेष प्रस्तावहरुलाई छलफलको लागि सभा समक्ष प्रस्तुत गर्नुभयो, साथै विविध अन्तर्गत छलफल तथा पारितका लागि कुनैपनि प्रस्तावहरु नरहेको समेत जानकारी गराउनु भयो ।

## ९. छलफलको लागि आह्वान र सहभागी शेयरधनी महानुभावहरु

९.१ साधारण सभामा निर्धारित प्रस्तावहरुको विषयसूची उपर छलफल गर्न सक्ने व्यवस्था कम्पनी ऐनमा भए अनुरुप बार्षिक साधारण सभामा प्रस्तुत भएका साधारण र विशेष प्रस्ताव बारे छलफलका लागि आ-आफ्नो मन्तव्य प्रकट गर्न र सो सम्बन्धमा कुनै प्रश्न तथा सुझाव भए जानकारी गराउन सभापतिज्यूले शेयरधनीहरु समक्ष अनुरोध गर्नुभए पश्चात् देहायका शेयरधनी महानुभावहरु छलफलमा सहभागी हुँदै देहाय अनुसारका जिज्ञासा, मन्तव्य तथा सुझावहरु व्यक्त गर्नु भएको थियो ।

**९.२ छलफलमा सहभागी भई सुझाव एवम् मन्तव्य राख्नु हुने शेयरधनी महानुभावहरुको नाम :**

१. श्री दामोदर रेग्मी
२. श्री मेजर कुबेर श्रेष्ठ
३. श्री महेन्द्र बहादुर श्रेष्ठ
४. श्री रोज कुमार श्रेष्ठ
५. श्री राम गोपाल महर्जन
६. श्री चन्द्र नारायण श्रेष्ठ

**९.३ छलफलको लागि लिखित मन्तव्य माध्यमबाट सुझाव एवम् मन्तव्य राख्नु हुने शेयरधनी महानुभावहरुको नाम :**

१. श्री ब्रह्मदेव शाक्य
२. श्री कृष्ण प्रसाद अधिकारी

## १०. छलफलमा सहभागी हुनेहरुको आ-आफ्नो विचार प्रस्तुतीकरण

छलफलको क्रममा शेयरधनीहरुले बुँदागत रुपमा देहाय बमोजिम धन्यवाद तथा सुझाव, जिज्ञासा एवं मन्तव्य व्यक्त गर्नुभएको थियो ।

Nepal Finance Limited NEFINSCO Corporate Office Kathamndu 2049

**१. सर्वसाधारण शेयरधनी श्री दामोदर रेग्मी**

संस्थाको चुक्ता पूजीं पुर्‍याउनको लागि संस्थापकहरुबाट हकप्रद शेयर नराखेको देखियो । संस्थाको संचिती नोक्सानी २५ करोड देखिएकोले नेटवर्थ नकारात्मक देखियो । कर्जा लगानी ब्यवस्थापनमा ध्यान दिनुपर्ने देखियो किनकी १४ प्रतिशतभन्दा बढी खराब कर्जा देखिन्छ । नतिजामुखि कार्यक्रम संचालन र ब्यवस्थापन गर्नको लागि संचालक र ब्यवस्थापनलाई अनुरोध छ ।

**२. सर्वसाधारण शेयरधनी श्री मेजर कुबेर श्रेष्ठ**

संचिति नोक्सानी २५ करोड घटाउने बारे ब्यवस्थापनको योजना के रहेको छ जानकारी गराउन अनुरोध गर्दछु । पूर्व प्रबन्ध संचालकको रकम असुली किन नभएको र सो को चाँडै असूली गर्नुहुन । कर्जा लगानी गर्दा ध्यान दिनु हुन । १५ बर्ष हराएको संस्थाले आज बजारमा स्थापित भएकोमा धन्यबाद साथै लाभांश वितरण गर्न सक्ने गरी कार्य ब्यवस्था गर्नको लागि ब्यवस्थापन र संचालक समितिलाई अनुरोध गर्दछु ।

**३. सर्वसाधारण शेयरधनी श्री महेन्द्र बहादुर श्रेष्ठ**

नयाँ लगानीकर्तालाई धन्यबाद छ । अस्तित्व समाप्त भएको संस्थालाई यहाँसम्म ल्याउन गरेको योगदानलाई समेत धन्यबाद दिन चाहन्छु । समयमै बार्षिक साधारण सभा सम्पन्न गर्नुभएकोमा समेत संचालक र ब्यवस्थापनलाई बधाई दिन चाहन्छु । नतिजामुखि हुनेगरी कार्यसम्पादन गर्न र कर्जा लगानीलाई ब्यवस्थापन गर्न अनुरोध गर्दछु । संस्थाको केन्द्रीय कार्यालय रहेको स्थानमा समेत संस्थागत सामाजिक उत्तरदायित्वका कार्यहरु गर्न, मार्केटिङ्गको कार्य गर्न र उत्पादनमुलक कर्जा लगानीमा जोड दिनको लागि सुझाव ब्यक्त गर्दछु ।

**४. सर्वसाधारण शेयरधनी श्री रोजकुमार श्रेष्ठ**

सम्पूर्ण शेयरधनीहरुको हित हुने कार्य गरेकोले नयाँ लगानीकर्ताको हिम्मतलाई सम्मान गर्न चाहन्छु । संचालन खर्च केही बढी हुन गएको जस्तो लाग्यो । खराब कर्जा २४ करोडबाट २० करोडमा झर्दा समेत नाफामा गत बर्षभन्दा कमी हुन गएको देखियो । आन्तरिक लेखापरिक्षकको प्रतिवेदन अनुसार र बाह्य लेखापरिक्षको प्रतिवेदन अनुसारको नाफामा अली बढि नै फरक पर्न गएको देखिन्छ, सो को कारण जानकारी गराउनु हुन अनुरोध गर्दछु । संचिती नोक्सानी ३२ करोडबाट २५ करोडमा झार्न सफल भएकोमा संचालक र ब्यवस्थापनलाई धन्यबाद दिन चाहन्छु ।

**५. सर्वसाधारण शेयरधनी श्री राम गोपाल महर्जन**

संस्था राम्रो भएकोमा खुशी छु । नाफा घटेकोमा सो तर्फ ध्यान दिन अनुरोध छ । शाखा संजाल विस्तार गरेको राम्रो हो । कर्मचारीलाई तालिम सुविधा प्रदान गर्नका लागि अनुरोध छ । शेयर लगानीमा रहेको रकमलाई बिक्री गरी नाफा बढाउन र संचित नोक्सानी घटाउन अनुरोध गर्दछु । साथै आगामी बर्ष लाभांश बाढ्न सक्नेगरी कार्य ब्यवस्थापन गर्न अनुरोध गर्दछु ।

Nepal Finance Limited
NEFINSCO
Corporate Office
Kathamndu
2049

**६. सर्वसाधारण शेयरधनी श्री चन्द्रनारायण श्रेष्ठ**

साधारण सभा समयमै सम्पन्न गर्न सफल भएकोमा धन्यबाद छ। हकप्रद शेयर बिक्री गरी चुक्ता पूजीं पुरा गर्नको लागि अनुरोध गर्दछु। आम्दानी खर्चलाई ब्यवस्थापन गर्नुहुन किनकी संचालन खर्चमा बृद्धि भएको देखिन्छ। खुद ब्याज आम्दानी सकारात्मक छ, तापनी ब्यवसाय नाफामुखी हुनेगरी ब्यवस्थापन गर्नुपर्‍यो र लाभांश वितरण गर्ने गरी ब्यवस्थापन गर्नु हुन अनुरोध छ।

**९.३ छलफलको क्रममा शेयरधनी महानुभावले स्वयम् आफै उपस्थित भई पेश गर्नुभएको लिखित मन्तब्यलाई निम्न बमोजिम प्रस्तुत गरिएको छ :**

**१. सर्वसाधारण शेयरधनी श्री कृष्णप्रसाद अधिकारी**

समयमै साधारण सभा सम्पन्न गर्न लागेकोमा धन्यबाद । संस्थाको कारोबार रकम र संचिति नोक्सानीमा भएको प्रगतिलाई संचालक र ब्यवस्थापनलाई धन्यबाद । बार्षिक प्रतिवेदनलाई नेपाली भाषामा समेत प्रकाशनका लागि अनुरोध गर्दछु।

**२. सर्वसाधारण शेयरधनी श्री ब्रम्हदेब शाक्य**

श्रीमान् अध्यक्ष ज्यु नमस्कार।

यस संस्थाको ३० औं बार्षिक साधारण सभामा आफूलाई लागेको केही कुरा :

१. पुनर्जीवन पाए पश्चातको यस कम्पनीको तेश्रो बार्षिक साधारण सभासम्म आईपुग्दा २५ करोड खराब कर्जा मध्ये अब १६ करोड ९२ लाखमा झर्न गएको अध्यक्षज्युको मन्तब्यमा उल्लेख हुनुले अबका दिनमा बाँकी रहेको खराब कर्जा पनि उठ्दै जानेछ भन्ने कुरामा विश्वस्त हुन सकिन्छ। वर्तमान संचालक समितिले संस्था संचालनको जिम्मेवारी पाएदेखि संस्थागत सुशासनलाई केन्द्रबिन्दुमा राखी इमान्दारिका साथ कार्य गरेको देखिन्छ। यसले निरन्तरता पाउदै रहनेछ भन्ने कामना गर्दछु।

२. यावत कारणले ठुला सहकारी संस्थाहरु डुबेको कारणले सर्वसाधारण जनताका फाइनान्स कम्पनी माथि आशा र भरोसा जागेको एकातिर छ भने अर्कोतिर नयाँ फाइनान्स कम्पनीहरुको नयाँ इजाजत दिन नेपाल राष्ट्र बैंकले बन्द गरेको कारणले भएका फाइनान्स कम्पनीहरुले सहज ढंगमा कामगर्ने अवसर प्राप्त गरेको छ। यस्तो मौकामा यस संस्थाले पनि आउने अवसरहरुको भरपुर उपयोग गरेर हामी सबैलाई लाभान्वित गर्ने छ भन्ने आशा राख्दछु।

३. संस्थाले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गतको कोषमा पनि रकम जम्मा गर्न सफल भएको छ। यो खुशीको कुरा हो। यस सन्दर्भमा नेपाल राष्ट्र बैंकको अध्ययन अनुसार ७२ प्रतिशत बयस्कहरु आर्थिक कृयाकलापका लागि अहिले पनि साहु महाजनहरु कहाँ जान परीरहेको उल्लेख भएको छ। तसर्थ भविष्यमा यस शिर्षक अन्तर्गत कार्य गर्दा त्यस्ता बयस्कहरुलाई लक्षित गर्दै सैद्धान्तिक र ब्यवहारिक रुपमा वित्तीय साक्षरता कार्यक्रम गर्नसके सबैको कल्याण हुने छ भन्ने सुझाव राख्न चाहन्छु।

४. अन्तमा, संस्थाको उन्नति र प्रगतीका लागि कार्य गर्नुहुने संचालक समिति, ब्यवस्थापन समुह, कर्मचारीहरु लगाएत सबैलाई धन्यबाद दिंदै यस सभामा प्रस्तुत गरिएका साधारण तथा बिशेष प्रस्तावहरुमा मेरो समर्थन रहेको अवगत गर्दछु।

धन्यबाद, सबैको मंगल होस्।

Nepal Finance Limited NEFINSCO Corporate Office Kathmandu 2049

**११. छलफलका क्रममा शेयरधनीहरुले प्रकट गर्नु भएको जिज्ञासा, सुझाव एवं प्रश्नहरुको जवाफः**

छलफलका क्रममा शेयरधनी महानुभावहरुबाट व्यक्त भएका सुझाव, जिज्ञासा, धारणा, मन्तव्य तथा प्रश्नहरुको जवाफ सभाका सभापति प्रा.श्री हिरेन्द्रमान प्रधान स्वयम्ले तथा उहाँको अनुमतिबाट प्रमुख कार्यकारी अधिकृत श्री उध्दबराज थपलिया ज्यूले साधारण सभा समक्ष दिनुभएको जवाफ निम्नानुसार छ :

**क) अध्यक्ष प्रा.श्री हिरेन्द्रमान प्रधानः**

- छलफलका कममा आफ्नो अमुल्य सल्लाह एवम् सुझावहरुका लागि हृदयदेखि आभार प्रकट गर्दै आगामी दिनहरुमा समेत यस्तै सुझाव तथा मार्गदर्शनहरु निरन्तर प्राप्त भइरहने आशा ब्यक्त गर्दछु । साथै साधारण सभामा बर्षमा एक दिन आज मात्र सुझाव दिने नभई यहाँहरु आफ्नो अनुकुल समयमा संस्थाको केन्द्रीय कार्यालयमा आई आफ्ना अनुभव, सल्लाह र सुझावहरु दिनु हुन अनुरोध गर्दछु र संस्था यहाँहरु र यहाँहरुको सुझावलाई सदैव स्वागत गर्दछ ।
- यहाँहरुले वित्तीय विवरण र बार्षिक प्रतिवेदन नेपाली भाषामा छाप्ने जस्ता बिषयमा उठान गर्नुभएका बिषयहरुलाई आगामी साधारण सभा प्रयोजनको बार्षिक वित्तीय विवरणमा सुधार गर्नेछौं ।
- संस्थाको शेयर पूजीं चुक्ता नहुनुमा केही संस्थापहरुबाट हकप्रद शेयर राख्नको लागि कानूनी रुपमा अयोग्य रहेको कारणले बिक्री हुन नसकेको जानकारी गराउन चाहन्छु, तथापी बोलकबोलको प्रक्रियाबाट बिक्री गर्नको लागि नितीगत व्यवस्था अनुरुप प्रक्रिया गरिएको जानकारी गराउँदै यहाँहरु समेत संस्थापक शेयर खरिद गर्न इच्छुक रहनुभएको भए शेयर खरिद गर्न यसै सभा मार्फत आह्वान गर्दछु ।
- हिजो लामो समयसम्म समस्यामा रहेको र लगानीकर्ताहरुको भविष्य समेत अन्यौल रहेको यस संस्थाको हालको अबस्थाले उज्वल भविष्यको संकेत गरिरहेको सकारात्मक सन्देशका रुपमा लिएका छौ । यसबाट वित्त बजारमा एउटा उदाहरणीय र स्थापित वित्तीय संस्था निर्माण गर्नको लागि नयाँ लगानीकर्ताहरुको संकल्प एंव प्रतिबद्धता रहेको कुरा प्रष्ट हुन्छ ।
- कर्जा लगानीलाई नेपाल राष्ट्र बैंकको नीतिगत व्यवस्था अनुरुप विविधिकरण गरेर नै गरिरहेको साथै साना साना कर्जा लगानीलाई प्रोत्साहन गरी कर्जा लगानी गर्दै आइरहेको ब्यहोरा जानकारी गराउन चाहन्छु ।
- संस्थाले संस्थागत सुशासन र नीतिगत काम कारबाहीको सम्बन्धमा शुन्य सहनशिलता अपनाई कार्य गरेको र हिजोको परिस्थिति र तितो यथार्थ हामी माझ रहेकोले नयाँ संचालक समिति संस्थागत सुशासनमा कटिबद्ध रहेको ब्यहोरा म यो सम्मानित सभामा राख्न चाहन्छु ।
- यहाँहरुले भने जस्तै working together and grow together को सिद्धान्त अवलम्बन गरेर सबैलाई साथ लिएर नै अगाडी बढ्नेछौं र प्रतिवेदनका वारेमा यहाँहरुबाट व्यक्त भएका सुझाव र सल्लाहलाई आत्मसात गर्दै यस्तै सकारात्मक सल्लाहको निरन्तरता अपेक्षा सहित धन्यवाद तथा आभार प्रकट गर्दछु ।

**ख) प्रमुख कार्यकारी अधिकृत श्री उध्दबराज थपलियाः**

- सर्वप्रथम यहाँहरुबाट प्राप्त भएका सकारात्मक सुझाव र सल्लाहका लागि हार्दिक आभार ब्यक्त गर्दछु ।

Nepal Finance Limited NEFINSCO Corporate Office Kathmandu 2049

- संस्थाको नेटवर्थ नकारात्मक नभएको जानकारी गराउँदछु र गतबर्षको नेटवर्थ १३२.८२ रहेको यहाँहरुलाई जानकारी गराउन चाहन्छु तथापी संचिति नोक्सानी २५ करोड रहेको यथार्थ हो ।
- यहाँहरु सबैजनाबाट कर्जा ब्यवस्थापनको बारेमा जिज्ञासा राख्नु भएको छ । जसलाई मैले एकदमै सकारात्मक रुपमा लिएको छु । कर्जा खराब नहोस् भन्ने हेतुले संस्थाले साना साना कर्जा लगानीलाई प्रोत्साहन गर्ने गरेको जानकारी गराउन चाहन्छु । जुन कुरा अध्यक्षजयुले समेत यहाँ राखी सक्नु भएकोछ ।
- यहाँहरुले भने जस्तै संचालन खर्चमा यस बर्ष बृद्धि भएको पक्कै नै हो, किनकी संस्थाले अधिकतम शाखा यसै आर्थिक बर्षमा बिस्तार गरेको र शाखा बिस्तारसंगै कर्मचारी संख्यामा समेत बृद्धि भएको साथै नयाँ कर्मचारी भर्ना गर्दा सुरुमा परिक्षणकालमा लिईने र ६ महिना पश्चात स्थाई गर्दै लैजाने संस्थाको नीति अनुरुप हाल धरै कर्मचारीहरु स्थाई सेवामा रहेकोले समेत संचालन खर्च र कर्मचारी खर्चमा गतबर्षभन्दा यो बर्ष अली बढी खर्च हुन गएको जानकारी गराउन चाहन्छु ।
- आन्तरिक लेखापरिक्षण प्रतिवेदन र बाह्य लेखापरिक्षण प्रतिवेदनको नाफामा फरक देखिनुको कारण Defferred Tax Adjustment र NFRS-16 Applied गरेकोले फरक पर्न गएको हो जुन बिषय आन्तरिक लेखापरिक्षण प्रतिवेदनमा समावेश भएको थिएन ।
- यहाँहरुले राख्नु भएजस्तै आगामी बर्षदेखि उचित प्रतिफल दिने गरी ब्यवस्थापनले कार्य गरिरहेको म यहाँहरुलाई जानकारी गराउन चाहन्छु । जसमा संचिति नोक्सानी रहेसम्म नाफा वितरण गर्न नसकिने र खराब कर्जा असुली नभएसम्म संचिति नोक्सानी हटाउन कठिनाई भएको जानकारी गराउन चाहन्छु र बाँकी रहेको खराब कर्जा मध्ये १३ करोड कर्जा सम्मानित अदातमा मुद्दाको क्रममा रहेकोले उक्त मुद्दाको फैसला भएको खण्डमा चालु आ. ब. भित्रै नै लाभांश वितरण गर्न सकिने समेत जानकारी गराउन चाहन्छु ।
- संस्थागत सामाजिक उत्तरदायित्वको रकम हामीले नेपाल राष्ट्र बैंकको नीतिगत ब्यवस्था बमोजिम नै खर्च गर्ने गरेका छौं । साथै यहाँहरुले दिनुभएको सुझावहरुलाई समेत सम्बोधन गर्ने गरी ब्यवस्थापन गर्दै जाने प्रतिवद्धता ब्यक्त गर्दछु ।
- अन्त्यमा, यहाँहरुले गर्नुभएको बिश्वास, ब्यवस्थापनलाई दिनु भएको शुभेच्छा प्रति ब्यवस्थापन प्रमुखको हैसियतले हार्दिक आभार ब्यक्त गर्दै उक्त शुभेच्छालाई आत्मसात गर्दै आगामी दिनहरुमा संस्थाको दिगो विकासको लागि कार्य गर्दै जाने प्रतिबद्धता समेत ब्यक्त गर्दछु । साथै यहाँहरुबाट सदैव साथ, सहयोग र सल्लाह सुझावको अपेक्षा समेत गर्दछु ।

शेयरधनी महानुभावहरुबाट छलफलको क्रममा राख्नु भएका जिज्ञासा, मन्तव्य तथा सुझावहरुको समाधान पश्चात् कम्पनी सचिवबाट प्रस्तावित प्रस्तावहरु क्रमशः पारित गरि निर्णय गर्नेतर्फ सबैको ध्यानाकर्षणको लागि अनुरोध भयो ।

**१२. ३० औं बार्षिक साधारण सभाका निर्णयहरु**

**<u>क) साधारण प्रस्तावहरु :</u>**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने समग्र वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

Nepal Finance Limited NEFINSCO Corporate Office Kathamndu 2049

- ➢ सभापति ज्यूले स्वीकृतिको लागि सभा समक्ष प्रस्तुत गर्नु भएको आ. ब. २०७८/०७९ को संचालक समितिको बार्षिक प्रतिवेदन सभाले सर्वसम्मतिबाट स्वीकृत गर्ने निर्णय गरियो ।

२. लेखापरिक्षण प्रतिवेदन सहितको आ.ब. २०७८/०७९ को वासलात २०७८/०४/०१ देखि २०७९/०३/३२ सम्मको नाफा-नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण (संलग्न अनुसूचीहरु सहित) को छलफल गरी पारित गर्ने ।

- ➢ लेखापरिक्षण प्रतिवेदन सहितको आ.ब.२०७८/०७९ को वासलात, २०७८/०४/०१ देखि २०७९/०३/३२ सम्मको नाफा-नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण (संलग्न अनुसूचीहरु सहित) स्वीकृत गरियोस् भनी सभापति ज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा उल्लेखित सम्पूर्ण वित्तीय विवरणहरु सर्वसम्मतिबाट स्वीकृत गर्ने निर्णय गरियो ।

३. कम्पनी ऐन, २०६३ को दफा १११ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ अनुसार आ.व. २०७९/०८० को लेखापरिक्षण गर्न लेखापरिक्षण समितिको सिफारिस अनुसार लेखापरिक्षकको नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने । (वर्तमान लेखापरिक्षक एस.ए.आर. एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्ट्स (साझेदार एफसिए श्री अमन उप्रेति) पुनः नियुक्त हुन योग्य हुनुहुन्छ ।)

- ➢ आ.व. २०७९/०८० को लागि बाह्य लेखापरिक्षकको नियुक्तिका बिषयमा छलफल हुँदा कम्पनी ऐन, २०६३ को दफा १६५ को खण्ड (घ) को प्रावधान बमोजिम समितिले "कम्पनीको लेखापरिक्षकको नियुक्तिका लागि संभावित लेखापरिक्षकहरुको नाम सिफारिस गर्ने र निजको पारिश्रमिक तथा नियुक्तिका शर्तहरु निर्धारण गरि अनुमोदनको लागि साधारण सभामा पेश गर्ने" भनि उल्लेख भए बमोजिम संस्थाको लेखापरिक्षक समितिको सिफारिस अनुसार संचालक समितिको मिति २०७९/०९/०५ को बैठक नं. ३६६ बाट सिफारिस भई आए बमोजिम आ.व. २०७९/०८० को लेखापरिक्षण गर्न लेखापरिक्षक श्री एस.ए.आर. चार्टड एकाउन्टेन्ट्स (साझेदार एफसिए श्री अमन उप्रेति) लाई देहाय बमोजिमका कार्यहरु गर्ने गरी कर बाहेक बार्षिक रु.२,५०,०००।०० (अक्षरुपी दुई लाख पचास हजार मात्र) पारिश्रमिक प्रदान गर्नेगरी संस्थाको बाह्य लेखापरिक्षक नियुक्ति गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

  क) Statutory Audit

  ख) Long Form Audit Report

  ग) Tax Audit

  घ) Certification Under Section 78 of Company Act 2063

  ङ) Certification of Corporate Governance Annual Report

**(ख) विशेष प्रस्तावहरु :**

१. संस्थाको नियमावलीको नियम २९ (१ ख) को संशोधन स्वीकृत गर्ने तथा प्रस्तावित संशोधनमा नियमनकारी निकायबाट फेरबदलको सुझाव प्राप्त भएमा आवश्यक परिमार्जन, संशोधन तथा समायोजन गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

Nepal Finance Limited NEFINSCO Corporate Office Kathamndu 2049

➢ संस्थाको नियमावलीको नियम २९ (१ ख) मा देहाय बमोजिम संशोधन गर्ने प्रस्ताव सर्वसम्मतले निर्णय गरियो ।

## नियमावली संशोधनको तीन महले

| साविकको व्यवस्था | संशोधित व्यवस्था | कारण |
|---|---|---|
| **नियम २९**<br>**संचालकको पारिश्रमिक भत्ता र सुविधा सम्बन्धि व्यबस्था**<br>१(ख) समितिको बैठकमा उपस्थित भए वापत संचालक समितिको अध्यक्ष रु.६,०००।०० र अन्य संचालकलाई रु. ५,०००।०० बैठक भत्ता प्रदान गरिने छ । | **नियम २९**<br>**संचालकको पारिश्रमिक भत्ता र सुविधा सम्बन्धि व्यबस्था**<br>१(ख) समितिको बैठकमा उपस्थित भए वापत संचालक समितिको अध्यक्षलाई रु.८,०००।०० र अन्य संचालकलाई रु.७,०००।०० बैठक भत्ता प्रदान गरिने छ । | समय सापेक्ष बृद्धि गर्न मनासिव देखिएकोले । |

साथै उल्लेखित संशोधनमा नियमनकारी निकायबाट फेरबदलको सुझाव प्राप्त भएमा आवश्यक परिमार्जन, संशोधन तथा समायोजन गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

२. संस्थाले अन्य कुनै उपयुक्त बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा संस्थाले अन्य कुनै उपयुक्त संस्थालाई प्राप्ति (Acquisition) गर्ने सम्बन्धमा संस्थाको चल-अचल सम्पत्ति र दायित्व तथा कारोबारको मुल्याङ्कन (Due Diligence Audit-DDA) गर्न मान्यता प्राप्त मुल्याङ्कनकर्ता नियुक्त गरी निजको पारिश्रमिक तोक्ने तथा संस्था गाभ्ने/गाभिने तथा एक्विजिशन गर्ने समझदारीपत्र (Memorandum of Understanding) तर्जुमा गर्ने, हस्ताक्षर गर्ने, अन्तिम सम्झौता तयार पार्ने, हस्ताक्षर ग़र्ने लगाएतका गाभ्ने/गाभिने तथा एक्विजिशन गर्ने सम्बन्धी आवश्यक सम्पूर्ण प्रक्रिया पुरा गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने ।

➢ नेपाल फाईनान्स लिमिटेडले अन्य कुनै उपयुक्त बैंक तथा वित्तीय संस्थालाई गाभ्ने/गाभिने तथा संस्थाले अन्य कुनै उपयुक्त संस्थालाइ प्राप्ति गर्ने प्रक्रिया अगाडी बढाउनका लागि संस्थाको चल-अचल सम्पत्ति र दायित्व तथा कारोबारको मुल्याङ्कन (Due Diligence Audit–DDA) गर्न मान्यता प्राप्त मुल्याङ्कनकर्ता नियुक्त गरी निजको पारिश्रमिक तोक्ने तथा संस्था गाभ्ने/गाभिने तथा एक्विजिशन गर्ने समझदारीपत्र (Memorandum of Understanding) तर्जुमा गर्ने, हस्ताक्षर गर्ने, अन्तिम सम्झौता तयार पार्ने, हस्ताक्षर गर्ने लगाएतका गाभ्ने/गाभिने तथा एक्विजिशन गर्ने सम्बन्धी आवश्यक सम्पूर्ण प्रक्रिया पुरा गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

**ग. विविध ।**

विविध अर्न्तगत छलफल गर्नुपर्ने अन्य बिषय नभएकोले बार्षिक साधारण सभाको निर्णय पुस्तिकामा कम्पनी ऐन, २०६३ मा व्यवस्था भए बमोजिम अध्यक्ष तथा कम्पनी सचिवले प्रमाणित गर्ने र बुझाउनुपर्ने निकायहरुमा कम्पनी सचिवले प्रमाणित गरी प्रतिलिपि बुझाउने ब्यहोरा सभालाई जानकारी गराईयो ।

Nepal Finance Limited NEFINSCO Corporate Office Kathmandu 2049

१३. **धन्यवाद ज्ञापन तथा सभा विसर्जन**

छलफल तथा निर्णयको क्रम समाप्त भएपछि साधारण सभाका सभापति एवं वित्तीय संस्थाको संचालक समितिका अध्यक्ष प्रा.श्री हिरेन्द्रमान प्रधान ज्यूले सभामा सहभागी हुनुभई आफ्नो अमूल्य राय, सल्लाह, सुझाव सहितको मन्तव्य व्यक्त गर्नु भई सभालाई सौहार्द्रपूर्ण वातावरणमा सम्पन्न गरिदिनु भएकोमा उपस्थित शेयरधनी महानुभावहरु, संस्थाको प्रगतिको लागि सहयोग, सद्भाव, अमूल्य सुझाव दिनुहुने सम्पूर्ण महानुभावहरु, अतिथिहरु, पत्रकार बन्धुहरु, संस्थालाई सधैं सहयोग पुऱ्याउनु हुने नियमनकारी निकायहरु नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज सिडियस एण्ड क्लियरिङ्ग लिमिटेड लगायत अन्य नियमनकरी निकायहरु तथा आदरणीय ग्राहकवर्ग तथा समस्त सरोकारवालाहरु प्रति हार्दिक कृतज्ञता सहित धन्यवाद व्यक्त गर्दै संस्थाको व्यवस्थापन तथा सम्पूर्ण लगनशिल कर्मचारीवर्गलाई समेत हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो । साथै सभा सफलतापूर्वक सम्पन्न भएकोमा उपस्थित शेयरधनीहरु लगाएत सम्पूर्ण महानुभावहरुलाई पुनःधन्यवाद ज्ञापन गर्दै दिउसो २:१५ बजे सभा विसर्जन गर्नुभयो ।

..............................
बिष्णु प्रसाद गौतम
कम्पनी सचिव

Nepal Finance Limited
NEFINSCO
Corporate Office
Kathamndu
2049

..............................
प्रा.श्री हिरेन्द्रमान प्रधान
अध्यक्ष